# स्थानीय राजपत्र

स्थानीय सरकार विदुर नगरपालिका, विदुर नुवाकोट, बागमती प्रदेश, नेपालद्वारा प्रकाशित

बर्ष ९ संख्या २ | २०८२ भदौ १६ गते

स्थानीय सरकार

## विदुर नगरपालिका

विदुर, नुवाकोट

बागमती प्रदेश, नेपाल

*नगर सभावाट स्वीकृत मिति : २०८२/०३/२०*

## विदुर नगरपालिकाको आर्थिक बर्ष २०८२ / ८३ को लागि संचित कोषबाट रकम खर्च गर्ने र बिनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२

## विदुर नगरपालिकाको आर्थिक बर्ष २०८२ / ८३ को लागि संचित कोषबाट रकम खर्च गर्ने र बिनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२

**प्रस्तावना :** विदुर नगरपालिका, नुवाकोट २०८२/८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उप—धारा (२) बमोजिम विदुर नगरपालिका, नुवाकोटको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "विदुर नगरपालिका, नुवाकोटको विनियोजन ऐन," रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८२/८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०८२/८३को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम १,१६,५७,४३,४४७.०० (अक्षेरुपी रुपैयाँ एक अर्ब सोह्र करोड सन्ताउन्न लाख त्रिचालिस हजार चार सय सत्चालिस मात्र ।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/८३को निमित्त विदुर नगरपालिका, नुवाकोटको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनै शीर्षकमा बचत हुने र कुनै शीर्षकमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत

हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकमा विनियोजित रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढि शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

(४) विनियोजित बजेटको पुँजीगत शिर्षकमा अन्य कुनै शिर्षकबाट बढीमा २५ प्रतिशतसम्म मात्र रकमान्तर गर्न सकिनेछ।

(५) माथि रकम सार्ने विषयमा जुनसुकै कुरा लेखिएको भएतापनि आर्थिक वर्ष सुरु भएपछि आर्थिक वर्षको कुनै पनि समयमा नयाँ कार्यक्रम वा आयोजना थप्न र बजेट विनियोजन गर्न सकिने छैन।

**५. दायित्व भुक्तानी सम्बन्धी विशेष व्यवस्थाः**

गत आर्थिक वर्ष २०८१।०८२ को लागि संघीय सरकार, प्रदेशले उपलब्ध गराउन प्रस्ताव गरेको राजश्व बाँडफाडको रकम ,समानीकरण अनुदानको रकम प्रस्ताव गरे अनुसार सम्वन्धित आर्थिक वर्षमा बजेट निकासा प्राप्त हुन नसकेको वा आन्तरिक स्रोततर्फ अनुमान गरिएको राजश्व अनुमान बमोजिम प्राप्त तथा असुली हुन नसकेको वा विधुत रोयल्टी लगायतको नगरपालिकाको आय अनुमानमा प्रस्ताव गरिएको अन्य कुनै स्रोतबाट प्राप्त हुनु पर्ने जति रकम प्राप्त हुन नसकेको कारणबाट आर्थिक वर्षको अन्त्यमा कार्य

सम्पन्न भई सकेका आयोजना\कार्यक्रम वा कार्यालय सञ्चालनमा बाधा पर्ने खालका सेवा प्राप्त भएका चालु प्रकृतिका खर्च समेतको भुक्तानी दिनु पर्ने रकम भुक्तानी गर्न आर्थिक वर्षको अन्तमा बजेट अभाव भई विगत वर्षको भुक्तानी दिनुपर्ने दायित्व सरी आएको यस्तो रकम योजना शाखाबाट एकिन गरी सो शाखा प्रमुख,आर्थिक प्रशासन शाखा प्रमुख, भण्डार शाखा प्रमुख र नगरसभाका अध्यक्षबाट भुक्तानी बाँकी प्रमाणित गरी सोको लागि बजेट समेत विनियोजन गरी यस्ता आयोजना\कार्यक्रमहरुलाई प्राथमिकतामा राखी भुक्तानी दिइनेछ

**६.बाधा अड्काउ फुकाउन सक्ने**

यस ऐन कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा विदुर नगर कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार हुनेछ।यस्तो बाधा अड्काउ फुकाउने गरी भएको निर्णय नगरसभाबाट अनुमोदन गर्नु पर्नेछ।

**७. खारेजी र बचाउः**

यस ऐनमा लेखिका कुराहरु यसै ऐन अनुसार हुनेछ।यसअघि यस ऐनको उद्देश्य पुरा गर्न भए गरेका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ।